अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

यस गरिमामय नगरसभाका अध्यक्ष महोदय

आज यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७७।७८ को नीति कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा मलाइ गौरवको अनुभुति भएको छ । यस अवसरमा म सर्वप्रथम यस मुलुकमा लोकतन्त्र एवम् गणतन्त्रको स्थापनाका लागि आफ्नो जिवन अर्पण गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै राजनैतिक एवम् सामाजिक रुपान्तरणका लागि वेपत्ता घाइते हुनुभएका व्यक्तिहरु जेलनेल भोग्नुहुने आदरणिय अग्रजहरु प्रति विनम्रता पूर्वक नमन गर्न चाहन्छु ।

नेपालको संविधानले अंगिकार गरेको सहकारिता समन्वय एवम् सहअस्तित्वको सिद्धानतमा आधारित संघीय संरचनाको मुल मर्म लाइ अंगीकार गर्दै राज्यले लिएको तीन खम्बे अर्थ नीति सरकारी, सहकारी र नीजीलाई आत्मसात गर्दै सुखी अर्जुनधाराबासी समृद्ध अर्जुनधारा निर्माणको हाम्रो साझा उद्देश्यलाइ साकार पार्न विशेष नगर सहकारी स्थापना गरी आफ्नो तर्फबाट हरसम्भव प्रयास गर्न अर्जुनधारा नगरपालिका दृढसंकल्पित छ ।

वि स २०७४ सालको स्थानिय तहको निर्वाचन पश्चात हामी यस नगरपालिकामा जनप्रतिनिधिको रुपमा निर्वाचित भए पश्चात हामीले तीनवटा वजेट नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरेका छौ । यी तिन वर्षहरुका कार्यानुभवहरुबाट हामी सबैले धेरै कुरोहरु सिक्ने मौका पाएका छौ । विगतका सिकाइहरुबाट आफ्ना कार्य र योजनाहरुलाइ थप परिस्कृत गर्दै कमी कमजोरीहरुलाइ सुधार्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता रहेको छ । यी तीन वर्षहरुका हाम्रा सामुहिक प्रयासबाट हामीले अर्जुनधारा नगरपालिकामा विकासका विभिन्न क्षेत्रहरुमा सकारात्मक असरहरु देखिरहेका छौ । सडक बत्ति खानेपानी पुल कल्भर्ट विद्यालयहरुको भौतिक सुधार एवम् सेवा प्रवाहको क्षेत्रमा भएका विकासहरु उत्साहजनक एवम् भविष्यप्रति आश जगाउने खालका छन । तथापि विकासका यी प्रयासहरु पर्याप्त छैनन । समुन्नत अर्जुनधाराको लक्ष्य हासिल गर्नका निम्ति हामी थप उत्साह जोश र जाँगरका साथ अघि बढिरहनुपर्नेछ ।

सुखी र समृद्ध अर्जुनधारा नगर स्थापनाको हाम्रो लक्ष्य हासिल गर्न हरसंभव प्रयास गरिरहदा चालू आर्थिक वर्षमा विशेषत तेस्रो चौमासिकको शुरु देखि देखा परेको कोरोना महामारीको कारण हाम्रा प्रयासहरुलाइ केहि भिन्न प्रकारले अगाडि बढाउनुपर्ने महशुस हामी सबैले गरेका छौ । कोरोना महामारीको कारण गरिएको बन्दाबन्दीबाट एकातिर नगरको आन्तरिक आय तथा केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व वाँडफाँडको आयमा ठुलो र नकारात्मक असर पुग्न गएको छ भने अर्को तिर भएको आय समेत कोरोना रोग रोकथाममा खर्च गर्नुपर्ने अवस्था सृजना भएको छ । यसले विकासका कार्यहरुमा सोझो असर पुगेको छ भने कोरोना महामारीको कारण विश्वव्यापी रुपमा भएको जिउज्यानको क्षति आर्थिक गतिविधिमा ह्रास र रोजगारी गुम्ने र गुमेको अवस्थले ठुलो मनोवैज्ञानिक त्रास समेत उत्पन्न गराएको छ । यसले हाम्रा विकासका प्राथमिकता पुन परिभाषित गर्न एवम् कार्यशैलीलाइ परिवर्तन गर्न घच्घचाएको छ । तसर्थ नगरको समग्र विकासका लागि अर्थतन्त्रका सबै क्षेत्रहरुलाइ उत्प्रेरित गराइ गतिशिल बनाउनु जरुरी भएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सोहि दिशामा केन्द्रित रहेको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान र विद्यमान कानुनहरु संघ तथा प्रदेश सरकारका विकासका प्राथमिकताहरु आवधिक योजनाहरु दिगो विकासका लक्ष्यहरु एवम् स्थानिय आवश्यकतालाइ मुख्य

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

आधार बनाइएको छ ।यसका अतिरिक्त विभिन्न राजनैतिक दलका अगुवाहरु नागरिक समाजका भद्रभलाद्मीहरु सहकारीकर्मी एवम् निजी क्षेत्रका उद्यमी एवम् व्यवसायीहरु सर्वसाधारणहरुबाट समय समयमा प्राप्त सुझावहरु समेतका आधारमा यो नीति तथा कार्यक्रम तयार भएको छ ।

मलाइ विश्वास छ हामी सबै जनप्रतिनिधि कर्मचारी राजनैतिक दलका प्रतिनिधिहरु टोलविकास संस्थाका पदाधिकारीहरु विकास साझेदारहरु सञ्चारकर्मीहरु एवम् सम्पूर्ण नगरवासीहरुको एकमना एकताबाट यस नगरपालिकालाइ कोरोना मुक्त बनाउदै कृषि सहकारी उद्यमशिलताका माध्यमबाट शिक्षा स्वास्थ्य तथा भौतिक पूर्वाधार विकासका क्षेत्रमा अग्रगामी पाइलाहरु चाल्दै यस नगरपालिकालाइ मुलुक कै समृद्ध हराभरा एवम् उत्कृष्ठ शहरको रुपमा विकसित गर्न सक्नेछौ ।

**सभाध्यक्ष महोदय**

अब म चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयनको संक्षिप्त अवस्था प्रस्तुत गर्न गैरहेकी छु ।

चालु आर्थिक वर्षको लागि रु १ अर्ब ५ लाख ९० हजारको बजेट प्रक्षेपण गरिएको थियो । यसमा आन्तरिक आय रु पाँच करोड राजस्व बाँडफाँडबाट प्राप्त हुने आय रु सत्र करोड पच्चिस लाख अनुमान गरिएको थियो भने बाँकी सबै संघीय तथा प्रदेश अनुदानको हिस्सा रहेको थियो । तर विविध कारणहरुले आन्तरिक आय राजश्व बाँडफाँड तथा संघीय अनुदान अपेक्षित रुपमा प्राप्त हुन सकेन । खोलाको ठेक्का लाग्न नसक्नाले खोलाकर बाट प्राप्त हुने अपेक्षा गरिएको रु तीन करोड पचास लाख गुमाउनुपर्यो भने चैत्र ११ गते देखिको बन्दाबन्दी लकडाउनको कारण संघीय राजस्व बाँडफाँडको रुपमा रहेको मुल्य अभिवृद्धि कर र अन्तशुल्क आयको रकम समेत करिब रु पाँच करोड तथा प्रदेश सवारी कर बाँडफाँडको रु ५० लाख कम प्राप्त हुने देखिएको छ ।

आन्तरिक राजश्व संकलनको हकमा हाल सम्म रु दुइ करोड छैसठ्ठी लाख एकावन्न हजार रुपैया आन्तरिक आयको रुपमा तथा ढुँगा बालुवा संचिति कर रु चौरानब्बे लाख पन्चानब्बे हजार संकलन भएको छ ।

योजना तथा कार्यक्रमहरु संचालनका हकमा नगर सभा तथा कार्यपालिका बैठकको निर्णय अनुसार नगरस्तरीय योजना जम्मा ६२ वटा योजनाहरु स्विकृत भएकोमा १६ वटा योजना सम्झौता भै ११ वटा योजनाहरु सम्पन्न भै सकेका छन भने वडा स्तरीय योजनाहरु जम्मा ३४१ वटा रहेकोमा २७० वटा सम्झौता भइ २३० वटा सम्पन्न भएका छन । नगर तथा वडास्तरीय योजनाहरुको भौतिक प्रगति ७०.९६ प्रतिशत रहेको छ । सम्झौता हुन नसक्नु र अपेक्षित रुपमा प्रगति हुन नसक्नुको कारण देशव्यापि वन्दा वन्दि तथा माथि उल्लेखित रकम अभावको मुख्य कारण हुन ।

**सभाध्यक्ष महोदय**

अव म आगामी आर्थिक वर्षको विनियोजन विधेयक र बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेकी छु ।

नगरपालिकाले विभिन्न विषयगत क्षेत्रहरुमा के कस्तो नीति अंगीकार गर्ने भनी व्यापक छलफल तथा अन्तरक्रिया गरी कोभिड १९ को कारण सृजित प्रतिकुल परिस्थिति र यसका कारणले उद्योग व्यवसाय रोजगारीमा आएको शिथिलतालाइ ध्यानमा राखी रोजगारी सृजना हुने उद्योग व्यवसायहरुलाइ राहत हुने गरी आर्थिक विकास सामाजिक विकास एवम् पूर्वाधार निर्माणलाइ विशेष जोड दिइएको छ ।

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

१.<u>आर्थिक विकास</u>

समृद्ध नेपाल सुखी नेपाली को उद्देश्य हासिल गर्न संविधानले अंगीकार गरेको तीन खम्बे आर्थिक नीति बमोजिम सरकारी निजी सहकारी साझेदारीमा कृषि तथा पशुपंक्षि क्षेत्रको उत्पादकत्व वृद्धि तथा उद्योगहरुको विकासमा जोड दिइएको छ । आर्थिक विकासको क्षेत्रमा देहायका नीतिहरु प्रस्ताव गरिएको छ ।

क) कृषि विकास नीति

- स्थानीय प्रजातीको बाली, लहरेखेती तथा धान, मकै, आलुको विउविजन उत्पादन गर्ने ।
- बाँझो जमिन नराख्न भूमि बैंकको व्यवस्था गर्ने ।
- साझेदारीमा १००० विगाहामा इनार, टयुवेल, डिप वोरिङ गर्ने ।
- प्याज र लसुनलाई व्यवसायिक खेती गर्ने प्रोत्साहित गर्ने तथा वैमोसमी तरकारी खेती प्रवद्र गर्ने गराउने ।
- कृषि उपज संकलन र विक्री वितरण केन्द्र ५५, खाद्य गोदाम, शितभण्डार तथा खाद्य प्रशोधन उद्योग निर्माण गर्ने ।
- सुपारी, उखु तथा नगदे खेतीको प्रवधन तथा प्रशोधनका उद्योगलाई प्रोत्साहन गर्ने ।
- माटो परीक्षणको ल्याव संचालन गर्ने।
- इलाम र झापा जिल्लाका अन्य स्थानीय तहहरुसंगको सहकार्यमा प्रदेश स्तरीय कृषि उपज तथा पशुपक्षी संकलन विक्री वितरण केन्द्र सञ्चालन गर्ने ।
- प्राकृतिक जरुवा र पैनीका मुहान संरक्षण गर्ने ।
- वालि रोग नियन्त्रणमा पूर्व तयार गर्ने ।
- अर्जुनधारा चिनाउने स्थानीय उत्पादन गर्ने लक्ष्य लिने ।

ख) पशुपंक्षी मत्स्य नीति

- अर्जुनधारा नगरपालिकालाई लोकल कुखुरा पकेट क्षेत्र घोषणा गरि न्युनतम ६ सय परिवारलाई व्यवसायिक कृषक बनाई बार्षिक ६ लाख के.जी उत्पादन गर्ने, बार्षिक अनुमानित ३० करोड रुपैया मासुबाट नगरमा भित्र्याउने लक्ष्य राख्ने ।
- माछा, मासु, अण्डा, दुध आदिको व्यवसायिक उत्पादन गर्न प्रोत्साहन गर्दै नगरलाई आत्मानिर्भर बनाउने ।
- पशुपंक्षीलाई चाहिने दाना, घांस तथा घांसको विउ उत्पादनमा प्रोत्साहन गर्ने ।
- पशु रोग जांच गर्ने ल्याव ३ ठाउंमा विस्तार गरि नाम्ले, जुका, जुम्रा आदिको औषधी नि:शुल्क प्रदान गर्ने ।
- उन्नत जातका नश्ल सुधारका लागि अनुदानको व्यवस्था गर्ने ।
- पशुपंक्षी विकास प्रारम्भिक पकेट कार्यक्रम मार्फत सञ्चालित व्यवसायिक कृषक समुह तथा फर्मलाई विमामा अनुदान दिने तथा महिनामा न्यूनतम १ पटक प्राविधिक परार्मश प्रदान गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

- साप्ताहिक पशु हाटलाई आवश्यक व्यवस्थापन गर्ने ।
- कृषि तथा पशुपंक्षी विकास कार्यक्रममा सहभागि कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक, पुजी, प्रशोधन र बजारीकरणमा सहजताको लागि नगरको आर्थिक विकाससंग सम्बन्धित सार्वजनिक निजी सहकारी कार्यक्रम संचालन गर्ने ।

ग) **सहकारी**

- नगरवासीको आर्थिक विकास गर्न र राज्यको सेवा अनुदान सहज र सरल तथा समानुपातिक, न्यायोचित रुपमा नगरवासीले उत्पादन, प्रशोधन र बजारीकरण समेत गर्न सकुन भन्ने उद्धेश्य राखी नगरपालिकाकै अगुवाइमा रहनेगरी एक नगरस्तरीय विशेष सहकारी सञ्चालन गर्ने । यसका लागि आवश्यक नियम तथा कार्यविधि आवश्यकतानुसार कार्यपालिकाबाट स्विकृत गरी लागू गर्ने ।
- यस प्रकारको सहकारीमा नगरपालिका, नगरवासीहरु, नगर क्षेत्र भित्र कृयाशिल कृषि समुहहरु, सामाजिक संघ संस्थाहरु, क्लबहरु, व्यवसायीहरु, उद्यमीहरुलाइ शेयर उपलब्ध गराइ नगरमा कियाशिल सहकारी संस्थाहरु, विशिष्ट सहकारीहरु संग साझेदारी गरी कृषि तथा कृषि उद्यम सम्बन्धी विभिन्न परियोजनाहरु संचालन गर्ने ।

घ) **पर्यटन**

- शनिश्चरे बजारलाई सौन्दर्यीकरण, अर्जुनधारा जलेश्वरधाम, जेठा गुम्बा, साधुटार, विद्यापिठ, सुखानी सहादत स्थल, सहिद प्रतिष्ठान, फाल्गुनन्द बाटिका, साठिमुरेमा प्रस्तावित बुद्ध मुर्त्ति स्थापना, हलुवागढ सिमसार, पाण्डवपुर, कैदले, दहिझोडा शान्तिवाटिका हात्तिआल, लगायतलाई प्रवर्दन गर्न व्यवस्था मिलाउने ।
- नगर भित्रको पर्यापर्यटन सम्भाव्यता अध्ययन र विकास गर्ने ।

ङ) **उद्योग तथा बाणिज्य**

- **"नगर औद्योगिक ग्राम"** को परियोजना सञ्चालन गर्ने ।
- स्थानीय कच्चा पदार्थमा आधारित लद्युउघम , घरेलु उद्योग, साना उद्योगलाई स्थापना गर्न प्रोत्साहन गर्ने ।
- टोल टोलमा सुपथ मुल्य विक्री वितरण केन्द्र स्थापना गरी कृषि उपज, खाद्यान्न तथा दैनिक आवश्यक सामाग्री सहज तथा सरल रुपमा सकलन तथा विक्री वितरण गर्ने व्यवस्था मिलाउन पहल गर्ने ।

२. **सामाजिक विकास**

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

शिक्षित र स्वस्थ्य नागरिक नै नगरका सम्पत्ति हुन भन्ने कुरोलाइ हृदयंगम गर्दै कोरोना महामारीको कारण स्वास्थ्य तथा शिक्षा क्षेत्रमा परेको असरलाइ न्यूनीकरण गर्दै सामाजिक क्षेत्रको समग्र विकास गर्न विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी, जनजाती, दलित, युवा लगायत विविध क्षेत्रको सर्वाङ्गीण विकास हुनु जरुरी भएको हुदा सोहि बमोजिमको सामाजिक विकास नीतिहरु प्रस्ताव गरिएको छ ।

क) **शिक्षा**

- विद्यालयका न्यूनतम आधारभूत आवश्यकताहरुको व्यवस्थापन गर्ने ।
- **"नानीसंग ज्ञानी कार्यक्रम"** सञ्चालन गर्न ८ कक्षा माथिका विद्यार्थीहरुलाई द्वैमासिक रुपमा सम्बन्धित क्षेत्रका विज्ञ, प्राविधिक, पेशाकर्मी, जनप्रतिनिधी आदिसंग अनुभव आदानप्रदान गर्ने ।
- विद्यार्थीहरुलाई बार्षिक न्युनतम १ पटक अवलोकन भ्रमण गराउने साथै ५ कक्षा माथिका विद्यार्थीहरुलाई व्यवस्थापन समिति, अभिभावक संघको सहाकार्यमा ३ दिनको नगरस्तरीय आवासीय भ्रमण गराउने ।
- **"जनप्रतिनिधीसंग अभिभावक भेटघाट कार्यक्रम"** बार्षिक २ पटक अनिवार्य गर्ने ।
- अतिरिक्त क्रियाकलापका लागि स्वयम सेवक शिक्षक मार्फत आवश्यक कक्षा सञ्चालन गर्ने ।

ख) **स्वास्थ्य**

- गरिव, विपन्न, निमुखा, दीर्घरोगी, मजदुर, किसान आदिको प्राथमिकताको आधारमा स्वास्थ्य विमा गर्ने ।
- खुदुनावारी स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्दै मेडिकल अधिकृतको सेवा सञ्चालन गर्ने ।
- शनिश्चरे प्राथमिक स्वास्थ्य केन्द्रलाई **"नगर प्राथमिक अस्पताल"** को रुपमा स्तरोन्नति गर्न यसै बर्षबाट विशेषज्ञ डाक्टरको सेवा सञ्चालन गर्ने ।
- खुदुनावारीमा विमा औषधी पसल सञ्चालन गर्ने र अन्य वडाहरुमा वडा स्वास्थ्य केन्द्र मार्फत विमाको औषधी उपलब्ध गराउने व्यवस्था मिलाउने र क्रमश सवै वडाहरुमा विमाको औषधी पसल सञ्चालन गर्ने ।
- वडाहरुमा रहेका दिर्घरोगी, जेष्ठ नागरिकलाई **"वडाध्यक्ष cardiac diabetic क्लव"** मा समाहित गर्दै सबै वडाहरुमा कार्यान्वयनमा ल्याइने छ ।
- सबै वडाहरुमा स्वास्थ्य केन्द्रहरु स्थापना गर्दै महिला स्वास्थ्य स्वयंसेविकाको कार्यवोभ कम गर्दै लगिनेछ । महिला स्वयम्सेविका अवकाश भए पश्चात नया स्वयंसेविका भर्ना नगर्ने ।
- सबै वडाहरुबाट न्युनतम एक सय जना गर्भवती महिलालाइ स्वास्थ्य प्रोटोकल अनुसार चार पटक स्वास्थ्य चौकीमा जाच गर्न प्रेरित गर्ने । यस मध्ये कम्तिमा दुइ सय जनालाइ नगर कै बर्थिंग सेन्टरमा प्रसुति गराउने ।
- अर्जुनधारा आर्युवेद औषधालयको स्तरोन्नति गर्ने । तथा थप दुइ स्थानहरुमा आयुर्वेद सेवा केन्द्र स्थापना गर्ने ।

ग) **संस्कृति**

हरी कुमार राजभण्डारी
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

- परम्परागत तथा जातीय र भौगोलिक पहिचान, संस्कृति झल्काउने संग्राहलय स्थापना गर्ने ।
- जातिय भाषा, लिपी र संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्न जातीय संघहरुसंगको अगुवाईमा अनौपचारिक कक्षा सञ्चालन गर्ने ।
- कला, संस्कृति, परम्परागत बाजा, जातीय झाकीहरु संरक्षण तथा प्रवर्द्धन गर्न वडामा प्रत्येक बर्ष छनौट र नगरस्तरीय प्रतिस्पर्धा गर्ने ।

घ) **युवा**

- युवाहरुको लगत राखी दक्ष, अर्धदक्ष र अदक्ष रोजगार तथा स्वरोजगारका क्षेत्रमा लाग्न कृषि, पशु, निर्माण आदिमा सम्भाव्यता अध्ययन गरी श्रममा लाग्न प्रोत्साहित गर्ने ।
- "एक वडा एक युवा उद्यम" कार्यक्रम सञ्चालन गर्ने । यसलाई क्रमश टोल टोलमा विस्तार गर्ने ।
- लागु औषध दुर्व्यशनमा युवा फस्ने सम्भावनालाई न्युनिकरण गर्न सम्पूर्ण विद्यालय तथा कलेजमा युवा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- कुलत दुव्यर्सन तथा लागु औषधमा फसेका युवाहरुलाई पुर्न स्थापना गर्न सम्बन्धित व्यक्तिहरुसंग समन्वय सहकार्य र सहजीकरण गरिने छ र उनीहरुलाई अतिरिक्त क्रियाकलापमा लाग्न प्रेरित गर्ने ।

ङ) **खेलकुद**

- "एक वडा एक व्ययामशाला" सञ्चालन गरिने छ ।
- नगरमा न्यूनतम ३ वटा कभर्ड हल स्थापना गर्ने ।
- नगरस्तरीय फुटबल मैदान र क्रिकेट मैदानको घोषण गरी संरक्षण र प्रवर्द्धन गर्ने ।

च) **लैङ्गिक समानता तथा सामाजिक समावेशी**

- "एक वडा एक महिला उद्यम" सञ्चालन गरिनेछ ।
- अपाङ्ता भएका व्यक्तिहरुलाई आयमुलक तथा सिपमुलक कार्यक्रमहरु संचालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु (व्हील चियर, वैशाखी तथा सेतो छडी) को व्यवस्थापन गरिनेछ ।
- सबै जातजातीको परम्परागत पेशा तथा शिपलाई निरन्तरता दिन आवश्यक प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

छ) **मजदुर**

- मजदुरहरुको लागत संकलन तथा सूचिकृत गरी असंगठित कृषि, निर्माण तथा खोला मजदुरहरुको दुर्घटना विमा गर्ने ।

हरी कुमार राई मगर
नगर प्रमुख

➢ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सहिद, घाइते अपाङ्ग, राजनैतिक पिडितलाई आत्मानिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरी सम्मानित गर्ने ।

➢ जेष्ठ नागरिकसंग प्रतिनिधी भेटघाट कार्यकम संचालन गरी ज्येष्ठ नागरिकसंग अनुभव आदानप्रदान गर्ने ।

३. पूर्वाधार विकास

➢ वहुबर्षिय योजना अन्तर्गत नगर भित्र ६० कि.मी सडकको स्तरउन्नति तथा २५ कि.मी कालोपत्रे निर्माण गर्नका लागि प्रदेश र संघसंग सहकार्य गर्ने । यसै वर्ष प्रत्येक वडामा न्यूनतम १ कि. मी.सडक कालोपत्रे गर्ने र लागत साझेदारीमा पेभेज विछ्याउने कार्य गर्ने ।

➢ बाहिरी र भित्री रिङरोड नगर गौरव अन्तर्गत निर्माण गर्ने ।

➢ विरिङ, टाङटिङ खोला, संघ प्रदेशसंगको समन्वयमा तटबन्धन, ग्रिनवेल्ट र बाटो बनाउने ।

➢ नगर आवास योजना सञ्चालन गर्ने ।

➢ शनिश्चरे बजारलाई व्यवस्थित तथा सौन्दर्यीकरणलाई निरन्तरता दिने ।

➢ साठीमुरेमा बुद्धको मुर्ति स्थापनको योजना अगाडि बढाउने ।

➢ नगरभित्रका अति आवश्यक कल्भर्ट निर्माण गर्ने ।

➢ विरिङ खोलामा खानेपानी तथा सिंचाईको व्यवस्थापनका लागि चेक ड्याम निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने ।

➢ आवश्यक डिपिआरका लागि रकम विनियोजन गर्ने ।

➢ शहिद राजन मार्ग अन्तर्गत विरिङ खोलामा र मदन मार्ग अन्तर्गत दहिझोडामा टाङ्गटिङ्ग खोलामा पुल निर्माण गर्न प्रदेश र संघसंग पहल गर्ने ।

➢ नगरमा भएका साधनहरुलाई पूर्ण रुपमा परिचालन गर्ने ।

➢ साझेदारी कार्यक्रमलाई निरन्तरता दिइने ।

➢ वडा कार्यालयहरु निर्माण गर्न यसै वर्षबाट बहुबर्षिय योजना अन्तर्गत शुरु गर्ने ।

➢ महेन्द्र राजमार्गको विर्तामोड महानन्द चोक बाट शनिश्चरे बजार हुदै खतिवडाचोक बाट बुद्धशान्तिको मेची राजमार्ग जोड्ने सडक निर्माण गर्न संघ तथा प्रदेश सरकार सग समन्वय गर्ने ।

४. वन, वातावरण तथा विपद् व्यवस्थापन

➢ विरिङ र टाङटिङ खोलालाई प्रदेशसंगको समन्यमा तटबन्धन गरी ग्रिनवेल्ट र बाटो बनाउने ।

➢ नगर भित्र रहेका विभिन्न वन उपभोक्ता समितिहरु तथा गैरसरकारी संस्थाहरुलाई नगरको नीति तथा कार्यक्रम अनुसार व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

➢ फोहोरमैलालाई छुट्टा छुट्टै राख्ने व्यवस्था मिलाई संकलन गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

- हात्ति पिडित क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने ।
- शनिश्चरेको खानेपानीलाई शुद्ध पिउने पानीको व्यवस्थापन गर्न संघ तथा प्रदेशसंग समन्वय गरिनेछ ।
- आर्सेनिक पानी आउने स्थानहरुमा आवश्यक फिल्टरहरु साझेदारीमा वितरण गर्ने ।
- जरुवा तथा खानेपानीको मुहान सम्भाव्यताको पहिचान गरी संरक्षण तथा जर्गेना गर्ने ।
- नगर भित्र रहेका सिमसारहरु पहिचान गरी संरक्षण गर्ने ।

५. सुशासन तथा संस्थागत विकास

- नगर अन्तर्गत रहेका कर्मचारीहरुलाई प्रविधि मैत्री बनाउने ।
- नगर स्थित रहेका सामुदायिक विद्यालयहरु तथा नगर मातहतका कार्यालयहरुमा इ हाजिरीको व्यवस्थापन गर्ने ।
- नगरको पार्श्वचित्र तयार गर्ने ।
- नगरको भौतिक निर्माण कार्यविधि तयार गर्ने ।
- नगर विकास सहकारी संचालन कार्यविधि तयार गर्ने ।
- अन्य आवश्यक कार्यविधिहरु निर्माण गर्ने ।
- भुमिको वर्गिकरण गरी आवश्यक लगत संकलन गर्ने ।
- नगर भित्र कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी तथा संघ संस्थाहरुलाई नगरका नीति कार्यक्रम मुताविक एकद्वार प्रणालीमा सञ्चालनका लागि अनिवार्य रुपमा कार्यालयमा सुचिकृत भई नगरको पूर्व स्वीकृति लिई कार्यक्रम संचालन गर्ने ।
- न्याय सम्पादनमा वडा मेलमिलापकर्ताहरुलाई परिचालन गर्ने ।
- आमा शिशु कार्यक्रमलाई निरन्तरता दिने ।

हरी कुमार राना मगर
नगर प्रमुख